राजदेवी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

राजदेवी, रौतहट

२ नं. प्रदेश, नेपाल

प. स. :- ०७५/०७६

चलानी नं. :-

मिति :- २०७५/०४/४

**आ. व. २०७५/७६ कोलागि आन्तरिक आय ठेक्का सम्बन्धी शलिबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/४/५

यस कार्यालयवाट आर्थिक वर्ष २०७५/०७६ अवधिकोलागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम तथा नगर स्तरीय राजश्व परामर्श समितिबाट पारित निम्न अनुसारको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले यस नगरपालिकाको कार्यालयवाट निर्धारित समयावधि भित्र बोलपत्र फाराम खरीद गरी रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित  गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्काको नाम | न्यूनतम कवोल अंक (मू. अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|
| १ | राजदेवी नगर क्षेत्रवाट चौपाया निकासी/पैठारी | ७,५०,000।- | ३००/- |
| २ | कवाडी माल, हाल सिंह, खुर प्वांख तथा छाला | १,00000।- | ३००/- |
| ३ | वागमती नदीको भारतीय सिमाना देखि कटरवन पायल सम्मको माछा ठेक्का | २,00000।- | ३००/- |
| ४ | वागमती  नदीको कटरवन पायल देखि अर्जित राउतको  घर सम्मको माछा ठेक्का | २,00000।- | ३००/- |
| ५ | बागमती नदीको अर्जित राउतको घर देखि बडहर्वा रामजानकी मन्दिर  सम्म | २,५0,000।- | ३००/- |
| ६ | बागमती नदी देखि सरुअठा फलामे पुल सम्मको माछा ठेक्का | २,00,000/- | ३००/- |
| ७ | बागमती नदी राजदेवी न. पा. ४ अन्तर्गत पर्ने गडहिया डुङ्गा घाट (वहुवार्षिक) | ३,00,000/- | ३००/- |
| ८ | बागमती नदीको राजदेवी न. पा. ६ अन्तर्गत पर्ने कटरवन डुङ्गा घाट (वहुवार्षिक) | ५0,000/- | ३००/- |
| ७ | **हाट बजार (विटौरी) कर**<br>(क) वाड नं.  ४ (बसतपुर)<br>(ख) वार्ड नं.  १ (पथरा)<br>(ग) वार्ड नं.  ५ ((पताही) | <br>४0,000।-<br>४0,000।-<br>४0,000।- | <br>३00।-<br>३00।-<br>३00।- |

## शर्तहरु

(१) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) औं दिन सम्म कार्यालय समय भित्र निवेदन साथ फर्म नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको प्रमाणपत्र आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र फाराम दस्तुर बुझाएको नगदी रसिद वा रा.ब.बैंक गौर स्थित रहेको हि.नं. १२१०३०४०३८३१८ मा बोलपत्र खरिद वापत दाखिल गरेको सक्कल बैंक भौचर सहित बोलपत्र फाराम खरीद गरी सक्नु पर्ने छ ।

(२) दर रेट शर्तहरुलाई पुर्ण रुपले पालना गर्ने गरी रीतपूर्वक शिलवन्दी गरी १६ औं दिन दिनको १२:०० बजे सम्म यस राजदेवी नगरपालिकाको कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

(३) शिलबन्दी बोलपत्र दाखिल गर्दा बोलपत्र जमानत (Bid security) धरौटी वापतको रकम स्वदेशी नागरिकहरुको हकमा बोल कवोल अंकको ५% र विदेशी नागरीकको हकमा १०% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, गौर शाखा अन्तर्गत रहेको धरौटी खाता नं. १२१०३०३००७११८ मा रकम जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ९० दिन म्याद जारी भएको बैंक ग्यारेन्टी शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

(४) बोलपत्र फाराम खरीद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः सो को भोलीपल्ट बोलपत्र फाराम खरीद, दाखिला र खोल्ने कार्य हुने छ ।

(५) रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलबन्दी बोलपत्र हरु १६ औं दिन दिनको २:०० बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ ।

(६) बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिती नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(७) शिलबन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पस्ट रुपले बुझ्ने गरी लेख्नु पर्ने छ । केरमेट, सच्याइएको पाइएमा अक्षरमा लेखेकोलाई मान्य गरिने छ ।

(८) ठेक्का सकार अंक रकम एकमुस्टै यस कार्यालयको बैंक खातामा दाखिल गर्नुपर्ने छ ।

(९) ठेक्का सकार अंक रकम एकमुष्टै बुझाए वापत सहुलियत स्वरुप दिइने छुट यस कार्यालयको निर्णयानुसार हुने छ

(१०) बन्द, हडताल लगायत स्थानीय व्यक्तिहरु द्वारा ठेक्का भोग चलन गर्न नदिएको जस्ता जुन सुकै कारणववाट ठेकेदारलाई क्षति पुग्न गएमा सो को क्षतिपूर्ति यस कार्यालयवाट भुक्तान गरीने छैन । साथै राजश्व छुट ( मिन्हा) गरिने, दिइने छैन ।

(११) ठेक्का सकार गरी सके पछि चलन पूर्जि जारी हुने बेलामा सकार अंकको १३% मू.अ.कर र १.५ प्रतिशत अग्रीम आय कर समेत दाखिल गर्नु पर्ने छ ।

(१२) हाट बजार (विरौटी करको लागि निर्धारण गरीएको दर रेटमा मात्र ठेक्का चलन गर्नुपर्ने छ ।

(१३) अन्य प्रकाशित ठेक्का पनि यस कार्यालयवाट निर्धारित दर रेट बमोजिम मात्र भोग चलन गर्ने पाइने छ ।

(१४) ठेक्का अवधि २०७५ श्रावन चलन पूर्जि जारी भएको मिति देखि २०७६ आषाढ मसान्त सम्म मात्र हुनेछ ।

(१५) बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन ।

(१६) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार यस राजदेवी नगरपालिकामा सुरक्षित रहने छ ।

(१७) डुङ्गा घाट भोग चलन गर्ने ठेकेदारले ठेक्का कार्यमा प्रयोग हुने डुङ्गाको व्यवस्थापन आफैले गर्नु पर्नेछ । यस ठेक्का कार्यकोलागि नगरपालिकाद्वारा कुनै किसिमको डुङ्गा व्यवस्थापन गरिने छैन ।

(१८) यसमा उल्लेखित शर्तहरु यसै बमोजिम उल्लेखित नभएका व्यहोरा शर्तको सम्बन्धमा सार्वजनिक खरीद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(१९) उपरोक्त ठेक्काहरुका सम्बन्धमा अन्य कुनै जानकारी लिनु पर्ने भएका कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।